# तपसिलका ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्ने तथा लिलाम बिक्री सम्वन्धी १५ दिने अत्यन्त जरुरी सूचना

**प्रकाशित मिति २०७५।०१।२५**

यस लुम्बिनी बिकास बैंक लिमिटेड (साविक लुम्बिनी फाईनान्स एण्ड लिजिङ्ग कं लि) का ठमेल शाखा कार्यालयबाट तपाई तपसिलमा उल्लिखित ऋणीले लिनु भएको ऋण कर्जाको यस विकास बैंकसँग गरेको सम्झौता बमोजिम समय समयमा तिर्न बुझाउनु पर्ने साँवा, ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि चुक्ता भुक्तान गर्न पटक पटक मौखिक, तरताकेता गरिएको एवं राष्ट्रिय दैनिक पत्रिकामा बिभिन्न मितिमा सूचना प्रकाशित गर्दा समेत ऋणको साँवा ब्याज, पेनाल ब्याज तथा अन्य दस्तुर आदि नतिरी नबुझाई विकास बैंकसंग गरेको ऋण कर्जा सम्बन्धी शर्तबन्देजहरु उल्लंघन गर्नुभएकोले विकास बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिल बमोजिमको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ, सोहि अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरी विकास बैंकको नियमानुसार लिलाम प्रकृयाद्वारा बिक्री गरिने भएको हुँदा लिन इच्छुक व्यक्ति तथा संस्थाहरुले विकास बैंकबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी यो सुचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ । प्राप्त हुन आएका बोलपत्रहरु १६(सोह्रौं) दिन खोलिने हुंदा तपसिलमा उल्लिखित मिति, समय र स्थानमा उपस्थित हुन समेत इच्छुक खरिदकर्ता/बोलपत्रवाला वा निजको आधिकारीक प्रतिनिधि, ऋणी, प्रोप्राईटर, धितो/जमानी दिने तथा सम्बद्ध सबैलाई सूचित गरिएको छ । तर उक्त दिन निजहरु अनुपस्थित रहेमा पनि बोलपत्र खोल्न/धितोलिलाम बिक्रीको प्रकृया गर्न कुनै बाधा पुग्ने छैन । साथै कर्जा असुलीको कारवाही अन्तर्गत ऋणी, प्रोप्राईटर/सञ्चालक, धितो/जमानी दिनुहुने सम्बद्ध सबैलाई कालोसूचीमा समावेश गरिने तथा सुरक्षणमा रहेको सम्पुर्ण धितो लिलाम बिक्री गर्दा पनि विकास बैंकको सम्पुर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानुन बमोजिम कारबाही गरी असुल उपर गरी लिइने व्यहोरा ऋणी तथा सरोकारवालाहरु सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । धितो सुरक्षणमा रहेको सम्पत्ति लिलाम बिक्री गरिने उपरोक्त व्यहोरा अनुरोध गर्दै सूचनाको म्यादभित्र धनी विकास बैकमा सम्पर्क राखी यथाशिघ्र कर्जा भुक्तानी गरी गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्न गराउन हुन समेत अनुरोध गरिएको छ ।

## तपसिल

| ऋणीको विवरण | ब्यक्तिगत जमानीकर्ता |
|---|---|
| कम्पनी रजिष्ट्रारको कार्यालय काठमाडौ प्रा.लि ३८००५/०६२/०६३ मा दर्ता भई आन्तरिक राजश्व बिभागमा पान नं. ३०२१६७९९१ मिति २०६२।१०।२४ मा काठमाडौमा दर्ता रहेको द काठमाडौं मल प्रा.लि. संचालक तथा अध्यक्ष र ब्यक्तिगत जमानीकर्ता<br><br>**प्रबिर शमशेर ज.व.रा.**<br>बाबुको नाम: प्रबल शमशेर ज.ब.रा.<br>बाजेको नाम: किराण शमशेर ज.ब.रा.<br>ठेगाना: सुन्धारा वडा नं. २२, काठमाण्डौ<br><br>**कर्जा शिर्षक: ओ.डि ब्यापार**<br>**शाखा: ठमेल** | <br>**नाम: माया राणा**<br>ससुराको नाम: प्रबल शमशेर ज.ब.रा<br>पतिको नाम : प्रबिर शम्शेर ज.व.रा<br>ठेगाना : सानेपा, वडा न २ ललितपुर<br><br>१) द काठमाडौं मल प्रा.लि.को नाममा दर्ता कायम रहेको ललितपुर जिल्ला, छम्पी गा.बि.स वडा नं. ५क कि. नं. ४५० र ४४८ क्षेत्रफल क्रमश: २-१३-३-०, ३-१४-२-० रोपनी को जग्गा/घर आदि सम्पूर्ण लिगलगापत समेत ।<br><br>२) माया राणाको नाममा दर्ता कायम रहेको ललितपुर जिल्ला लामाटार गा.वि.स. वडा नं. १ छ कि. नं ४३२ क्षेत्रफल ३-०-०-० को जग्गा/घर आदि सम्पूर्ण लिगलगापत समेत । |

**नोट:** बोलपत्र आवेदन फारम यस बैकको शाखा कार्यालयहरुबाट रु ५००/- (पछि फिर्ता नहने गरी) तिरी प्राप्त गर्न सकिनेछ । लिलाम बिक्री सम्वन्धि सम्पूर्ण शर्त तथा बन्देजहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछन् ।

**पुनश्च:** उल्लेखित धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गर्दा वा विकास बैंक आफैंले सकार गर्दा साविकमा विकास बैंकबाट भएको मूल्यांकन भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा उक्त सम्पत्तिको उचित मूल्य प्राप्त नभै कम मूल्यमा लिलाम बिक्री भयो वा विकास बैंक आफैंले सकार गरि लियो भनी कहि कतै उजुर बाजुर गर्न पाउनु हुने छैन ।

बोलपत्र पेशगर्ने अन्तिम मिति र समय: २०७५ जेठ ८ गते, मगंलबार दिनको ३ बजे सम्म ।

बोलपत्र खोलिने मिति र समय: २०७५ जेठ ९ गते बुधबार दिनको ३ बजे ।

**बोलपत्र खोलिने स्थान: लुम्बिनी बिकास बैंक लिमिटेडको प्रधान कार्यालय डिल्लीबजार ।**


लुम्बिनी विकास बैंक लि.
Lumbini Bikas Bank Ltd.
निरन्तर सहयात्रा
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त संस्था)

केन्द्रीय कार्यालय
सनराईज विजपार्क, डिल्लीबजार, काठमाण्डौं ।
फोन नं. : ०१-४४१३२३२/४४१३२३४
०१-४४२१६९६/०१४४२१६९८, फ्याक्स नं.: ०१-४४१३५२६


साबिकको भिबोर सोसाइटी डेभलपमेन्ट बैंक लि र लुम्बिनी फाईनान्स एण्ड लिजिङ्ग कं लि एक आपसमा गाभिएर बनेको संस्था